


# प्रादेशिक स्वास्थ्य तथा जनसंख्या अनुगमन तथा मूल्यांकन कार्य समूहको कार्य बिवरण

2021

प्रदेश सकार
समाजिक विकास मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम

प्रदेश र स्थानीय तहमा स्वास्थ्य अनुगमन तथा मूल्यांकन प्राविधिक कार्य समूह (Technical Working Group)

कार्य बिवरण (Terms of Reference)

स्वास्थ्य सेवा को प्रभावकारिताका लागि अनुगमन र मूल्यांकन प्रणाली सुदृढीकरणका लागि स्वास्थ्य प्रणालीको संरचनामा बिभिन्न ब्यवस्था गरिएको छ । राष्ट्रीय स्वास्थ्य क्षेत्र रणनीति (NHSS), १५ औं योजना, स्वास्थ्य र जनसंख्याका दीर्घकालीन योजना लगायतका बृहद योजना र स्वास्थ्य नीति, जनसंख्या नीति, स्वास्थ्य अनुसन्धान नीति जस्ता दस्तावेजहरुले निर्धारण गरेका रणनीतिक लक्ष्य र स्वास्थ्य तथा जनसंख्याका कार्यक्रमहरुले निर्धारण गरेका परिणामहरुको मापन र अनुगमन गर्ने दायित्व सबै तहका सरकार र निकाय हरुमा रहेको छ । यसै गरी दिगो बिकासका लक्ष्य र क्षेत्रीय तथा अन्तर्राष्ट्रीय प्रतिबद्धताको अनुगमन गर्नु पर्ने प्राथमिकता समेत रहेको छ । स्वास्थ्य प्रणालीका स्तम्भहरु; नियमन र सांगठनिक संरचना, सेवा प्रवाह, जनशक्ति, सूचना ब्यवस्थापन, स्वास्थ्य प्रबर्द्धन, औषधी र उपकरण, आर्थिक श्रोत लगायतको समुचित ब्यवस्थापन र उपयोगका अलावा संबिधानले बिभिन्न तहकालागि तोकेका स्वास्थ्य र जनसंख्या सम्बन्धी अधिकार र जिम्मेवारी प्रतिको उत्तरदायित्वको मापन समेत हुनु आवश्यक रहेको देखिन्छ ।

संघीय स्वास्थ्य तथा जनसंख्या मंत्रालयले स्वास्थ्य र जनसंख्या क्षेत्रको समष्टिगत अनुगमन तथा मूल्यांकनका लागि संस्थागत संरचनाको रुपमा नीति, योजना तथा अनुगमन महाशाखा, जनसंख्या ब्यवस्थापन महाशाखा, बिभाग र महाशाखामा रहेका अनुगमन इकाईहरु, एकिकृत स्वास्थ्य सूचना प्रणाली र बिभिन्न संयन्त्रहरुका अलावा प्राबिधिक सहयोग र परामर्शका लागि स्वास्थ्य अनुगमन तथा मूल्यांकन कार्य समूह र जन्म मृत्यु, बसाइसराई तथा वैवाहिक तथ्यांक सम्बन्धी प्राविधिक कार्यसमुह (Technical Working Group) गठन गरी अनुगमन तथा मूल्यांकन संबंधी कार्यलाई प्रभावकारी बनाउदै लागेको छ ।

प्रदेश तहमा स्वास्थ्य तथा जनसंख्याका क्षेत्रमा उपलब्धी मापन गर्दै योजना तर्जुमा र कार्यान्वयन लाई प्रभावकारी बनाई स्वास्थ्य सूचना ब्यवस्थापन र अनुगमनमा समन्वय र सहकार्य बलियो बनाउन बिभिन्न तह र निकायहरु बीच ऊर्ध्वाधर र क्षैतिज सम्बन्धका माध्यमबाट प्राविधिक बिषयहरुमा संचार ब्यवस्थापन र क्षमता अभिबृद्धि जस्ता कार्यलाई प्रभावकारी बनाउन प्रदेश तहमा स्वास्थ्य तथा जनसंख्या अनुगमन तथा मूल्यांकन कार्य समूह (Technical Working Group) गठन हुन उपयुक्त देखी तल उल्लेखित कार्य बिवरण (Terms of Reference) को सहित संयन्त्र स्थापना गर्न सिफारिश गरिएको ब्यहोरा अनुरोध छ ।

## प्रादेशिक स्वास्थ्य तथा जनसंख्या अनुगमन तथा मूल्यांकन कार्य समूहको कार्य बिवरण

सामाजिक बिकास मंत्रालयको कार्यक्षेत्रमा परेका स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नियमित अनुगमन तथा मूल्यांकन कार्यहरुमा आवश्यक परेको अवस्थामा तोकिएका बिषयहरुमा प्राबिधिक सहयोग उपलब्ध गराऊँदै तल उल्लेखित बिषयहरुमा प्राबिधिक सहयोग र परामर्श दिनु प्रादेशिक स्वास्थ्य तथा जनसंख्या अनुगमन तथा मूल्यांकन कार्य समूह (Technical Working Group) को जिम्मेवारी हुनेछ ।



प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
जनकपुरधाम धनुषा

- स्वास्थ्य र जनसंख्याका कार्यक्रमहरू संचालन पश्चात जनतामा परेको प्रभाव मूल्यांकनको लेखाजोखा
- कार्यक्रमहरूको तुलनात्मक बिश्लेषण गरी मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारीता ल्याउनका लागि आयोजनालाई पृष्ठपोषण
- स्वास्थ्य र जनसंख्याका सूचकहरूको विकास र समीक्षामा सहयोग गर्ने
- अध्ययन र अनुसन्धान
- स्वास्थ्य क्षेत्र मानव संसाधन सम्बन्धि सूचना व्यवस्थापन र उपयोग
- जनसंख्या बिषयका अध्ययन तथा अनुसन्धान, सर्भेक्षण एवं बिश्लेषण गर्ने,
- प्रजनन्, मृत्यू, विवाह र बसाईसराई (आन्तरिक/बाह्य) जस्ता जनसंख्या विविध पक्षहरूमा दीर्घकालीन, आवधिक वा बार्षिक कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन
- प्रदेश र स्थानीय तहमा स्वास्थ्य ब्यबस्थापन सूचना प्रणाली सम्बन्धि नीति, नियम, निर्देशिका, मापदण्ड तथा प्रोटोकलहरू निर्माण
- एकिकृत स्वास्थ्य सूचना ब्यबस्थापन
- प्रदेश र स्थानीय तहगत सूचनाहरू निर्धारण एवं परिमार्जन गर्ने,
- स्वास्थ्य र जनसंख्या सम्बन्धित सूचनाको बिश्लेषण गरी बार्षिक तथा आवधिक रूपमा प्रतिबेदन तयार तथा सार्बजनिकरण
- अनुगमन, मूल्यांकन र एकिकृत स्वास्थ्य सूचना प्रणाली सम्बन्धी क्षमता अभिबृद्धि
- संघीय स्वास्थ्य तथा जनसंख्या मंत्रालय, नीति योजना तथा अनुगमन महाशाखा, जनसंख्या ब्यवस्थापन महाशाखा, एकिकृत स्वास्थ्य ब्यबस्थापन सूचना शाखा लगायत संघीय इकाई हरु संग समन्वय
- स्थानीय तहहरुमा स्वास्थ्य र जनसंख्या सम्बन्धी अनुगमन र सूचना प्रणाली सुदृढ गर्न आबश्यक सहयोग
- प्रदेश तहमा बिषयगत निकाय हरु बीच सूचना आदान प्रदान र एकीकृत
- ईहेल्थ रणनीति र मार्गचित्र कार्यान्वयन
- दिगो बिकास लक्ष्यका स्वास्थ्य र जनसंख्या सम्बन्धित सूचकहरुको बिश्लेषण र प्रकाशन
- प्रदेश स्तरमा स्वास्थ्य र जनसंख्या सम्बन्धी अनुगमन र सूचना प्रणाली सम्बन्धी सूचना प्रबिधिको बिकास र उपयोग

कार्यविधि

- प्राविधिक कार्य समूहको बैठक तोकिएको मिति, समय र स्थानमा मासिक रूपमा बस्नेछ । आबश्यकता अनुसार थप बैठक बस्न सक्नेछ ।
- प्रदेश स्वास्थ्य निर्देशनालयमा प्राविधिक कार्य समूहको सचिवालय रहनेछ ।
- संयोजकको आदेशमा सचिवालयले प्राविधिक कार्य समूहको आबश्यकता अनुसार सरकारी तथा गैर सरकारी निकायका बिषय बिज्ञहरूलाई निश्चित उद्देश्यका लागि निश्चित बैठकहरूमा आमन्त्रित सदस्यका रूपमा आमन्त्रण गर्न सक्नेछ ।

- निश्चित उद्येश्य परिपूर्तिका लागि सचिवालयले आबश्यकता अनुसार उप समूह गठन गरी कार्य विबरण सहित जिम्मेवारी दिन सक्नेछ ।
- प्राविधिक कार्य समूहको निर्णय कार्यान्वयनका लागि मन्त्रालयका सम्वन्धित निकायमा सचिवालय मार्फत निर्णय पेश गरिने छ ।
- सामाजिक बिकास मंत्रालयले प्राबिधिक कार्य समूहको बैठक र अन्य क्रियाकलापका लागि आबश्यक स्रोत साधनको ब्यवस्था मिलाउने छ ।

**प्रादेशिक स्वास्थ्य तथा जनसंख्या अनुगमन तथा मूल्यांकन कार्य समूह (Technical Working Group)**

१. प्रमुख, स्वास्थ्य निर्देशनालय - संयोजक
२. प्रमुख, महिला बालबालिका, युवा तथा सामाजिक शाखा, - सदस्य
३. प्रमुख, योजना शाखा – सदस्य
४. प्रमुख, स्वास्थ्य आपूर्ति ब्यवस्थापन केन्द्र – सदस्य
५. प्रमुख, स्वास्थ्य तालिम केन्द्र – सदस्य
६. प्रमुख, प्रदेश जनस्वास्थ्य प्रयोगशाला -सदस्य
७. प्रतिनिधि , मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान – सदस्य
८. प्रमुख, आयुर्बेद स्वास्थ्य – सदस्य
९. प्रमुख, योजना तथा अनुगमन, प्रादेशिक योजना आयोग – सदस्य
१०. प्रमुख, ब्यक्तिगत घटना दर्ता प्रणाली, आन्तरिक मामिला तथा कानून मंत्रालय – सदस्य
११. तथ्यांक अधिकृत, एकिकृत स्वास्थ्य ब्यबस्थापन सूचना शाखा, स्वास्थ्य निर्देशनालय - सदस्य
१२. स्वास्थ्य अनुसन्धान बिज्ञ – सदस्य
१३. प्रादेशिक स्वास्थ्य अधिकृत , बिश्व स्वास्थ्य संगठन (WHO) – सदस्य
१४. युनिसेफ प्रतिनिधि - सदस्य
१५. यु.एन.एफ.पी.ए.प्रतिनिधि - सदस्य
१६. अस्पताल विकास तथा चिकित्सा महाशाखा प्रमुख वा जनस्वास्थ्य महाशाखा प्रमुख वा जनस्वास्थ्य अधिकृत - सदस्य सचिव



सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम धनुषा